हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

वर्ष : ०१ अंक : १५७ पृष्ठ : ४ २०७७ पुस २४ गते शुक्रबार (Friday 08 January 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

*दलित विद्यालयलाई दलित संस्थाकैं भर*

## प्रौढ कक्षादेखि विद्यालय बनाउनसम्म क्लबको सहयोग





लहान । लहान नगरपालिका-२४ मा डाँडाटोल वस्ती अवस्थित छ । वस्तीमा दलित भानुभक्त आधारभुत विद्यालय छ । जहाँ १२२ जना बालबालिका अध्ययनरत छन् । अधिकांश दलित समुदायकै हुन् । उक्त विद्यालय स्थापनकालदेखि नै दलित जनकल्याण युवा क्लबले सहयोग गर्दै आएको छ ।

साक्षर शुन्य वस्तीमा अक्षर चिन्न बनाउन ०६४ सालमा त्यहाँ क्लबको मद्दतले प्रौढ कक्षा सुरू भएको थियो । पछि त्यहाँ विद्यालय स्थापना भयो ।

विद्यालयका प्रधानाध्यापक ह्दय नारायण यादवका अनुसार पछिल्लो समय क्लबबाट बालमैत्री कक्षाकोठा बनाउने सामग्रीदेखि प्राथमिक उपचार सामग्री सम्म सहयोग प्राप्त भएको छ । क्लबले विद्यालयमा खानेपानीको पनि व्यवस्था गरिदिएको छ । क्लबले उक्त सहयोग एक्सन एडबाट गराएका छन् । क्लबले सहयोग गर्दै आएको विद्यालयको अवलोकन गराएको छ । लहान नगरपालिकाका उपप्रमुख सरियार चौधरी, वडाअध्यक्ष कमलदेव यादव, संचारकर्मीसहित टोलीले अवलोकन टोलीमा संलग्न थिए । त्यहाँ स्थानीयहरूले

बाँकी ३ पेजमा

## राष्ट्रपति र प्रधानमन्त्रीको पुतलादहन

गोलबजार । प्रधानमन्त्री केपी शर्मा ओलीको प्रतिनिधिसभा विघटनको असंवैधानिक कदम भएको भन्दै विरोधमा बिहीबार गोलबजारमा पुतलादहन गरिएको छ ।

अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन सिरहाले प्रधानमन्त्रीको असंवैधानिक कदम र असंवैधानिक कदमलाई सहयोग पुऱ्याएको भन्दै विरोधमा प्रधानमन्त्री केपी शर्मा ओली र

बाँकी ३ पेजमा

## आगलागी पीडितलाई राहत प्रदान



सिरहा । सिरहाको मिर्चैया नगरपालिका-७ का आगलागी पीडितलाई राहत प्रदान गरिएको छ । मिर्चैया-७ मौराहाका आगलागी पीडित स्थानीय रसिद राइनको परिवारलाई राहत प्रदान गरिएको हो ।

आगलागी पीडितलाई सोही वडा निवासी जसपाका स्थानीय नेतासमेत रहेका रामेश्वर यादवले राहत सामग्री उपलब्ध गराएका हुन् । राहत स्वरूप २५ किलो चावल, दाल, आलु, सोयाविन, तेल, चाउचाउ, पाउरोटी लगायतका खाद्यान्न सामाग्रीसहित आर्थिक सहयोग पनि गरेको उनले जनाए ।

बलिरहेको घुरबाट घरमा आगलागी बुधबार भएको थियो । आगलागीबाट रसिदको सिंगो घर जलेर नष्ट हुनुको साथै शारीरिक अपांगता भएका उनको ८ वर्षीय छोराको समेत जलेर मृत्यु भएको थियो ।

घरमा आगलागी हुँदा मृतक बालक जाविर राइन एक्लै सुतिरहेका थिए । उनको आमाबुबा बजार गएका थिए । अचानक आगलागी हुँदा अपांगता भएका कारण भाग्न नसकेर बालकको जलेर मृत्यु भएको स्थानीयले बताए ।

आगलागीमा ५ लाख बराबरको धनमाल पनि क्षति भएको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ । आगलागीपछि नगरपालिकाले पनि तत्काल केहि राहत सहयोग गरेको छ ।

तर, नगरपालिकाले यस्तो समयमा अभिभावकत्व देखाउनुपर्ने केहि राहतमै सिमित हुनु र बास व्यवस्थापनका लागि उदासीन देखिनु दुःखद भएको यादवको भनाइ छ ।

## सूचना ! सूचना !! सूचना !!!

नेपाल रेडक्रस सोसाइटी लहान उपशाखा लहान, सिरहाले उपशाखा सभाको बार्षिक साधारण सभाको लागी आबद्ध यशस्कर, बिशिष्ट तथा आजिवन सदस्यहरुलाई अनुरोध छ कि निम्न मिति, समय र स्थानमा सहभागी भई कार्यक्रम सफल पार्न हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

तपसिल

मिति : २०७७ पौष २९ गते वुधबार

समय : दिउँसो १२:३० बजे देखि

स्थान : उपशाखाको सभाहल (लहान अस्पताल कम्पाउण्ड भित्र)

आयोजक
ने.रे.सो. लहान
उपशाखा लहान, सिरहा



Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229




फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# एउटा यस्तो बस्ती : 'जहाँ अझसम्म थिएन राज्यको उपस्थिति'



**बिनय यादव**

**सिरहा ।** सिंगो गाउँ उल्लासमय छ । गाउँका सर्वसाधारणहरूको मुहारमा उमंग छ । तर, गाउँमा कुनै मेला छैन । विहे वा अन्य रमाइलो गर्ने कार्यक्रम पनि छैन । तर, गाजाबाजा घन्किरहेको छ । देशभक्तिका गीत बज्दैछ । बच्चादेखि वृद्धसम्म हर्षित छन् ।

यस गाउँका नागरिकमा देखिएको यो खुशी, उल्लास र उमंगको एउटै कारण छ, गाउँमा राज्यको उपस्थिति । बुधबार देखिएको यो दृश्य हो, सिरहाको कल्याणपुर नगरपालिका-९, रूदलपुरको ।

देशमा थुप्रा संघर्षहरू भए, व्यवस्था फेरिए । तर, यस गाउँका नागरिक भने हालसम्म कुनै परिवर्तन अनुभूत गर्न पाएका छैनन् । पहिला जस्तो अवस्था थियो, अहिले पनि उस्तै नै छ ।

मलाह समुदायको बाहुल्यता रहेको यो बस्तीमा करिब २० वटा जति घरपरिवार छन्, ५० बढी मतदाता छन् । मुलुकमा भएका परिवर्तनका संघर्षहरू र अर्थतन्त्रमा उनीहरूको पनि योगदान छ । तर, यहाँ अहिलेसम्म सरकारी एक सुकोको पनि काम भएको छैन ।

राज्यको उपस्थितिको आशमा बसिरहेको उनीहरूको मुहारमा बुधबार देखिएको हर्ष स्वाभाविक नै थियो । सबैका लागि नहोला, तर यहाँका बासिन्दाका लागि आजको दिन खास नै थियो । यहाँ पहिलो पटक सरकारी बजेटको काम हुने भएको छ ।

प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको बजेटमा यहाँ सामुदायिक भवन निर्माण हुने भएको हो । रामजानकी धर्मशाला नाम दिइएको यो भवन निर्माणका लागि बुधबार राज्यमन्त्री सुरेश कुमार मण्डलले शिलान्यास गरेका छन् ।

मन्त्रालयको १५ लाख लागतमा बन्न लागेको यो भवन निर्माणको काम यससँगै थालिने भएको छ । धर्मशालाका लागि औरहीका एकजना जमिन्दारले १ कट्ठा जग्गा दान गरेका छन् । राम्रो काम हुन लागेको हेर्दा जग्गा दान गरेको जग्गा दाताका नाती तथा जसपा निकट विद्यार्थी संगठनका केन्द्रीय सदस्यसमेत रहेका संतोष यादवले बताए ।

राज्यमन्त्री मण्डलले अहिलेसम्म पनि यो बस्तीमा सरकारी बजेटको काम नहुनु दुःखद भएको बताए । यहाँका नागरिकले पनि राज्य र सरकारको अनुभूति गर्न पाओस् भनेर आफूले यसका लागि योजना व्यवस्थापन गरेको उनले बताए । यो पहिलोपटक भएको बताउँदै उनले क्रमशः थप काम गर्दै जाने पनि जनाए । सानो बस्ती र दलित समुदाय भएकै कारण आफूहरूमाथि कसैको नजर नपरेको र आफूहरू वहिष्करणमा परेको स्थानीय मुनेश्वरी देवि मलाहको गुनासो छ । आफूहरूका लागि लिएको चिन्ता र गम्भीरताका लागि राज्यमन्त्री मण्डलप्रति उनले आभारसमेत प्रकट गरिन् ।

यस्तै, यही वडाको सिमरटोकी गाउँमा शिव मन्दिरको शिलान्यास भएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको २० लाखको बजेटमा निर्माण हुन लागेको यो मन्दिरको शिलान्यास पनि राज्यमन्त्री मण्डलले बुधबार गरेका छन् ।

# कल, बल, छलको नेपाली राजनीति

**रवीन्द्र भट्टराई**



**सं**विधानमा बहुमत प्राप्त दलको प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटनको सिफारिस गर्न पाउने प्रावधान नभएको अवस्थामा पनि प्रतिनिधिसभाको विघटन गराइएपछि नेपाली समाज एक्कासि नयाँ राजनीतिक अस्थिरताको सिकार भएको छ । विघटन र सिफारिसविरूद्ध परेका रिट निवेदन र सरकारी पक्षका लिखित जवाफ सर्वोच्च अदालतमा विचाराधीन छन् ।

यस विषयमा सर्वोच्चबाट औपचारिक निकास आउने भएकोले त्यसको अन्तरवस्तुमा अहिले धेरै चर्चा गर्नुपर्ने खाँचो छैन तथापि पक्षविपक्षबाट संसदीय प्रणाली, मान्यता र अभ्यासबारे आआफ्नै धारणा आइरहेका छन् । त्यसैले यहाँ हाम्रो प्रणाली कस्तो हो र विचार गर्नुपर्ने पक्ष केके छन् भन्नेबारे सार्वजनिक खुल्दुली मेट्ने प्रयास गरिएको छ ।

**संसदीय र विधायिकीय भूमिकाको अन्तर**

विश्वका विभिन्न राज्य प्रणालीले कानुन निर्माण गर्ने, निर्मित कानुनलाई व्यवहारमा अवलम्बन गर्ने गराउने र कानुनको अभ्यास वा अवलम्बनमा पर्न जाने तलमाथिको न्यायिक लेखाजोखा गर्ने गरी राज्यशक्तिको बाँडफाँट गर्ने मान्यतालाई सर्वस्वीकार्य प्रतिमान मान्ने गरेका छन् । यसैलाई शक्ति पृथकीकरण र शक्ति सन्तुलन भनिँदै आएको छ ।

व्यवस्थापिकाले कानुन बनाउने मात्र भूमिका निर्वाह गर्छ र कार्यपालिका गठनमा उसको भूमिका हुँदैन भने त्यसलाई विधायिकी व्यवस्थापिका भनिन्छ । कार्यपालिकाको नीति तहका कार्यकारी (प्रधानमन्त्री र मन्त्रीहरू) प्रतिनिधिबाटै चयन गरिने भए त्यसलाई संसदीय पद्धति भनिन्छ । यसो भए पनि दुवै प्रणालीमा कानुन बनाउनु नै व्यवस्थापिकाको प्रधान भूमिका हो । यसका लागि व्यवस्थापिकाको कार्यकाल आवधिक र निश्चित (विश्वका अधिकांश देशमा पाँच वर्ष) हुन्छ ।

दुवै प्रणालीमा कार्यपालिका र न्यायपालिका व्यवस्थापिकाप्रति उत्तरदायी रहन्छन् । उदाहरणका लागि बजेट कार्यपालिकाले तयार गर्ने भए पनि त्यसलाई ऐनको हैसियत प्रदान गर्न व्यवस्थापिकाले मात्र सक्छ ।

कार्यपालिका र न्यायपालिकाका सबै कार्यसम्पादन व्यवस्थापिकासमक्ष प्रतिवेदित भएर सार्वभौम जनतासमक्ष लगिन्छन् । व्यवस्थापिकाबाहिरैबाट कार्यपालिकीय नेतृत्व चयन हुने प्रणालीमा पनि कार्यपालिका प्रमुखले व्यवस्थापिकाको सहयोग र समर्थनमै कार्य गर्नुपर्छ भन्ने कुरा वर्तमान विश्व राज्यप्रणालीमा सर्वस्वीकार्य जस्तै छ ।

अमेरिकाका तत्कालीन राष्ट्रपति बाराक ओबामाले 'ओबामा हेल्थ केयर बिल' ल्याउँदा व्यवस्थापिकाले केही समय असहयोग गर्‍यो। विधेयकलाई ऐन बनाउने प्रयोजनका लागि विशेषाधिकार(निशेषाधिकारका रूपमा प्रयोग गर्न सक्ने राष्ट्रपतीय शक्ति (भिटो) प्रयोगको सन्दर्भ त्यहाँ उठेन । बरू ओबामाले ६ महिना आफ्ना कर्मचारीलाई तलबसम्म नख्वाई अगाडि बढे । अन्ततः सहयोग गर्न व्यवस्थापिका बाध्य बन्यो । प्रणालीगत हिसाबले भन्ने हो भने अमेरिकी कार्यपालिका व्यवस्थापिकाप्रति त्यति नरम भइराख्नुपर्ने थिएन किनभने अमेरिकामा राष्ट्रपति जनताले चुनेको कार्यकारी हो व्यवस्थापिकाको उपज होइन ।

**नेपालको संसदीय प्रणाली विशिष्टीकृत हैन र ?**

नेपालको प्रणाली संसदीय हो भन्ने स्पष्टै छ । अझ नेपालमा प्रतिनिधिसभा र राष्ट्रिय सभाका दुई सदनात्मक व्यवस्थापिकालाई संसद् भनिनेछ भनेर संविधानले किटान गरेको छ । संसदीय प्रणालीमा चाहिँ कार्यपालिकीय नेतृत्व व्यवस्थापिकाप्रति नतमस्तक रहनुपर्ने दुई कारण हुन्छ- पहिलो, संसद् कार्यपालिकाको जन्मदायिनी हो । आफूलाई जन्माउनेप्रति जन्मने उत्तरदायी हुन्छ ।

प्राकृतिक रूपमा पनि प्रायः सबैजसो जीव (माकुरोबाहेक) का बच्चा आमाप्रति उत्तरदायी हुन्छन् र आमाले अभिभावकीय भूमिका निर्वाह गर्छन् नै । यस्तो भूमिका आवधिक नै हुन्छ। उदाहरणका लागि गाईले बाछालाई घाँस खान सिकाउने प्रयोजनले दूध आउँदाआउँदै पनि लात्ती हानेर दूधबाट छुटाउन खोज्छ । त्यो बेला बाछाले माउसँग सिँगौरी खेलेर प्रत्याक्रमण गर्दैन ।

संसदीय प्रणालीमा पनि यही नियम लागू हुन्छ । आफूले विश्वास दिएको प्रधानमन्त्रीलाई ठूलै काम नबिराएसम्म अविश्वासको प्रस्ताव गरिँदैन । यसको अर्थ सामान्यतः एकपटक विश्वास गरिएको प्रधानमन्त्रीले पूरै कार्यकाल काम गरोस् भन्ने हो ।

नेपालको संसदीय अभ्यासमा यो पाटो विकृतिपूर्ण रहँदै आएको हुनाले नै दुई वर्षसम्म अविश्वासको प्रस्ताव पेस नगर्ने र एक वर्षको अवधिभित्र पनि अविश्वास प्रस्ताव पेस नगर्ने बनाइएको होला संविधानमा ।

यसरी हेर्दा नेपालमा संसद्को कार्यकाल निश्चित पाँच वर्ष मानिएको स्पष्ट हुन्छ । प्रतिनिधिसभाका सदस्यहरु निर्वाचित भइसकेपछि धारा ७६ को उपदफा १, २, ३ र ४ जुनसुकै अन्तरगत नियुक्त भएको उपधारा ५ अनुसार विश्वासको मत प्राप्त प्रधानमन्त्री दुई वर्षसम्म त अविश्वासको प्रस्तावका माध्यमबाट हटाउनै सकिँदैन । दुई वर्षपछि गरिएको अविश्वासको प्रस्ताव असफल भएमा अर्को एक वर्ष प्रस्तावै पेस गर्न सकिँदैन । प्रस्ताव पास भएमा पनि फेरि नियुक्त भएको प्रधानमन्त्रीलाई दुई वर्षसम्म अविश्वासको प्रस्ताव गर्न सकिन्न । त्यसपछि अविश्वासको प्रस्ताव ल्याइएमा त एक वर्षभित्रै संसद् र प्रधानमन्त्री दुवैको कार्यकाल सकिने हुनाले नेपालमा प्रतिनिधिसभाको कार्यकाल (पाँच वर्षमा) बढीमा तीन जना प्रधानमन्त्री हुन सक्ने बाहेकको कल्पना नै गरिएको छैन ।

यसले धारा ८५ मा भएको संसद्को कार्यकाल पाँच वर्ष हुनेछ भन्ने कुराले प्रतिनिधिसभा सदस्यको निर्वाचन भइसकेपछि धारा ७६ बमोजिम प्रधानमन्त्री चयनको प्रक्रियामा उपधारा ५ बमोजिम पनि प्रधानमन्त्रीमा नियुक्त हुन नसकेमा वा नियुक्त भएको प्रधानमन्त्रीले विश्वासको मत नपाएको अवस्थामा बाहेक 'मध्यावधि' नामको कुनै निर्वाचनको परिकल्पनै गरेको देखिँदैन ।

धारा ८५ अनुसारको प्रतिनिधिसभाको कार्यकाल पाँच वर्ष निश्चित हो भन्ने कुरालाई प्रतिनिधिसभाको कुनै सदस्यको स्थान रिक्त भएमा यसको कार्यकाल ६ महिनाभन्दा बढी बाँकी हुँदा उपनिर्वाचनद्वारा पूरा गर्ने सर्त (धारा ८४ को उपधारा ७) ले झनै स्पष्ट पारिदिएको छ ।

**प्रधानमन्त्रीले संसद् विघटन गर्ने संसदीय अभ्यास**

'त्यसो भए बहुमत प्राप्त प्रधानमन्त्रीले संसद् विघटन गर्नै नपाउने ?' यो प्रश्नलाई नेपाली सञ्चारमाध्यमले अर्बौंको मूल्य बराबरको प्रश्नका रूपमा उठाउने गरेका छन् । हो, संसदीय प्रणालीमा बहुमत प्राप्त प्रधानमन्त्रीलाई व्यवस्थापकीय भूमिकामा संसद्ले असहयोग गरेमा प्रधानमन्त्रीले त्यस्तो संसद्लाई विघटन गर्न सिफारिस गर्न पाउने र राष्ट्रप्रमुखले त्यसका आधारमा संसद् विघटन गरेर विधायिकी अधिकार आमजनतामै फर्काउने अभ्यास स्थापित नै हो ।

यो पद्धति बेलायतबाट विकास भयो र उसका उपनिवेशबाट मुक्त भएका मुलुक (भारत, बांगलादेश, पाकिस्तान) आदिले अनुसरण गर्दै आए । अहिले पनि यी देशको संवैधानिक अभ्यासमा त्यस्तो सिफारिस र विघटनको प्रावधान जीवन्त नै छ । नेपालमा पनि त्यही संसदीय मान्यतामा आधारित भएर २०४७ सालको संविधानमा त्यसलाई स्पष्टै व्यवस्था गरिएको थियो । नेपाल अधिराज्यको संविधान २०४७ ले राजा, प्रतिनिधिसभा र राष्ट्रियसभालाई संसद् मानेको थियो ( बेलायतमा हाउस अफ कमन्स, हाउस अफ लर्ड्स र राजा-रानीजस्तै ।

उक्त संविधानको धारा ५३ (४) मा प्रतिनिधिसभामा बहुमत पाएको प्रधानमन्त्रीको सिफारिसमा श्री ५ ले

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- समस्या दर्शाउँदा सुखदुःखमा साथ दिनेहरु भेटिनेछन् । छोटो दुरीको लाभदायी यात्रा हुनेछ । अरूलाई प्रभावित पारेर काम बन्नेछ ।

**वृष** :- रोकिएका अधुरा कामहरु पूरा हुनेछन् । भाग्यले साथ दिनेछ । मनमा हर्ष, उमङ्ग र उत्साहा छाउनेछ । शिक्षामा सफलता पाईनेछ ।

**मिथुन**:- आँटेको र ताकेको कार्य पुरा होला । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेकोछ ।

**कर्कट** :- रमाइलो यात्राको योग रहेको छ । आफन्तबाट सहयोग प्राप्त हुनेछ । नयाँ कार्यको थालनी हुनेछ । पढाइ लेखाइमा प्रगति हुनेछ ।

**सिंह**:- आफ्नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाईनेछ ।

**कन्या** :- आज बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ । धर्म,कर्म तथा समाज सेवामा मन लाग्नेछ । सांगितीक क्षेत्रमा रूची पनि बढ्नेछ ।

**तुला** :- आज शुभ कार्य तथा सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ । प्रेममा मनमुटावका साथै मन कमजोर रहला । शिक्षामा अवरोध आउनेछ ।

**वृश्चिक** :- आज स्वास्थ्यमा प्रति सजक रहनु पर्छ । सानो तिना समस्यामा अल्झिनुपर्नेछ । शरीरमा स्फूर्ति र उमङ्गको कमी आउन सक्छ ।

**धनु** :- आफन्त र मित्रवर्गको सहयोग पाइने नै छ । बन्दव्यापार र साझेदारीबाट राम्रो प्रतिफल प्राप्त हुनेछ । रमाइलो र टाढाको यात्राको सम्भावना समेत छ ।

**मकर**:- आज मिष्ठान्न भोजनको अवसर प्राप्त हुने योग छ । पराक्रम बढ्नुका साथै धन लाभका योग पनि देखिन्छन् । प्रेम जीवन पनि सफल रहनेछ ।

**कुम्भ**:- लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ । अरुको मुख नताकी सही निर्णय लिन सके थप अवसर प्राप्त होला । स्वादिष्ट भोजन पाईनेछ ।

**मिन** :- स्वास्थ्य क्षेत्र निर्बल रहने भएकाले सजगता अपनाउनु नै उचित हुनेछ । काम विगार्नेको सक्रिय रहने देखिन्छ । नियमित खर्चसमेत बढ्ने योग छ ।

# कुलत, दुर्व्यसन र सुख शयलका लागि अन्तर्राष्ट्रियकरण बन्दै छन् नेपाली युवा

**सरोकार**

**राजकुमार राउत**

२०२१ सन् सुरू भएको छ । प्रथम जनवरी मनाउन नेपाली युवाहरूले दसैं र लक्ष्मी पूजा भन्दा बढी तामझाम र कसरत गरेको देखियो । विगत २५/३० वर्ष देखि केही विशेष अवसरमा नेपालीहरूद्वारा अशान्तिमय, हिंसामय, कुलतमय बन्दै छन् । समाज सेवा, देश सेवा, मानव सेवा, दीन-हीन सेवा भन्दा सर्वोपरी कुलत दूर्व्यसन तिर ध्यान गएको आभास प्रत्येक चेतनशील नागरिकलाई भै राखेको छ । फागु पर्व, माभघ संक्रान्ति, इसवी सम्वत्को प्रथम जनवरी जस्ता दिवसहरूमा नेपाल जस्तो मुलुकका युवाहरूले लाखौं बोका, परेवा, कुखुरा, खाने योग्य सजीव जनावरहरूलाई बध गरेर आफ्नो भोक मेटाईरहेका हुन्छन् । माछा मासु खानु, कुलतमा लाग्नु, जूवा तास खेल्नु दूर्व्यसनमा चुर्लुम्म डुब्नु र अशान्तमय बनी झगडालु बन्नु अवसरहरूको दिनचर्याको उपलब्धी ठानेका हून्छन् । दिवस र अवसरहरूमा मांसाहारी भोजन गरी जाँड रक्सी खाई हो-हल्ला गरी झगडा श्रृजना गरी सयकडौको संख्यामा घाइते पनि बनिरहेका हुन्छन् । प्रत्येक अवसरको नकारात्मक र सकारात्मक सोचको एका सँगै विकास भै राखेका हुन्छन् । समय नकारात्मक र सकारात्मक, दिन र रात भए जस्तै मानिसको रचनात्मक र विनाशकारी सोचको पनि समान अवसरमै प्रबर्द्धन भै राखेका हुन्छन् ।

३० वर्ष पहिले अंग्रेजी वर्षको फस्ट जनवरी आएको र गएको अधिकांश नेपालीहरूलाई थाहा हुँदैन्थ्यो तर अहिले यतातिरका वर्षहरूमा १ महिना पहिले देखि नै नयाँ सालको पहिलो जनवरी आउँदै र समूहगत विचार विमर्श गरी जीवन हिंसा गरी, रक्सी सेवन गरी दिनभरी नाच गान गरी दिन बिताउने भन्ने गुरू योजना बनाइ रहेका हुन्छन् । जुन समय र बुद्धिको बर्बादी हो । अन्तर्राष्ट्रिय रूपमा भगवानलाई ओ गड, नेपाली र हिन्दुहरूले हे राबम, हे कृष्ण अर्थात मुस्लिम धर्मावलम्बीहरूले अल्लाह भनेर भगवानलाई पुकारी रहेका हुन्छन् तर कुरान, बाईवल, रामायण अथवा अन्य धर्म ग्रन्थहरूमा पनि हिंसा र वलीको स्थान बिल्कूलै छैन । आम मानिसहरू जुनसुकै पथ वा सम्प्रदायका भए पनि आफ्नो सनकी पनि र जीब्रो स्वादको लागि मांसाहारी भोजन र शराब सेवन गरिरहेका हुन्छन् । मांसाहारी भोजन गर्नेहरूको लागि एकातिर मासु भात र अर्कोतिर ८४ प्रकारका व्यंजन राखि दिने हो भन्ने मासु खानेले ८४ प्रकारको



व्यञ्जनलाई फिका मानेका हुन्छन् र फगत ती स्वादको लागि मात्र हुन्छ र जुन अहिले १० वर्ष पहिले विश्व स्वास्थ्य संगठनले सिद्ध गरी दिएको छ कि ८० प्रतिशत खराबी मांसाहारी भोजनमा नै छन् ।

५ बर्ष पहिले लहानको एउटा प्रतिष्ठित समाजसेवी सुशील चन्द्र अधिकारीले एक जना व्यक्तिलाई मांसाहारी भोजन नगर्नुस एकदमै हानीकारक हुन्छ भनेका थिए र उनले स्वस्थ र पौष्टिक भोजन भनेको शाकाहारी भोजन हो भन्दा ती व्यक्तिले होइन दाई मासु पाकेको दिन २ गाँस बढी खाइन्छ भनेका थिए । एक समयको कुरा हो म लेखक र एक जना नेपाली कांग्रेसका सिरहाका नेता २ नं. क्षेत्रीय सभापति लक्ष्मी यादव भोर कटैयाको एक जना कांग्रेसीमित्र हृदय नारायणको घरमा खाना बसेको बेला ९/१० प्रकारको व्यञ्जन, दुध दही, घ्यू, मलाइ इत्यादि हुँदा उनले खाने पिढकाबाट जुरूक्क उठेर विना माछा मासु आफू नखाने भन्ने जिद्दी गरेका थिए । र घरभेटीले अविलम्ब मासुको प्रबन्ध गरी खुवाएका थिए र जसको कारण उनी तुरून्त उच्च रक्त चापले थला परेर ३ दिन सम्म स्लाईन पानी प्रयोग गर्नु पर्‍यो तर लत् लागेको व्यक्तिले छोड्न चाँहदैन ।

लहानका पूर्व स्वस्थ प्रमुख रतन कुमार दासका अनुसार जुन दिन आफू मांसाहारी खाना खाइन्छ कुनै न कुनै किसिमको ब्याधी बाधा शारीरिक रूपले भोग्नु पर्छ त्यस कारण राष्ट्रिय पर्व देखि नेपाली सम्वत् बिक्रम सम्वत्, इसवी सम्वतका अवसरमा नेपालीहरूले शक्तिमय अहिंसामय र सत्विक र पवित्र नेपाल बनाउन । शास्त्रका अनुसार भगवानले दुध, पुष्प, पत्रम भन्ने चाहना राखेका हन्छन्, राजदेवी गढीमाई, कंकालनी र दुर्गा भगवतीलाई पनि बली चाहिंदैन यदि चाहिने नै छ भन्ने पिढीमा किन बलि दिइदैन । परिपक्व व्यक्तित्व नारायण स्वामी अर्थात् ज्ञान शाहीलका अनुसार कुनै पनि जीव हिंसामय भोजन हरेक किसिमले हानिकारक र अनिष्टकारी हुन्छ ।

## प्रौढ ...

शिक्षक अभाव रहेको हुँदा त्यसको परिपूर्तिका लागि माग गरेका छन् । विद्यालयमा सहयोग गर्ने प्रतिबद्धता उपप्रमुख चौधरी र वडाअध्यक्ष यादवले जनाएका छन् । 'गाउँका कक्षा ४ सम्म बालबालिकाले पढ्न पाइरहेका छन्,' स्थानीय लालबहादुर शास्त्रीले भने,'क्लबको सहयोग सराहनीय छ । थप व्यवस्थित गर्न समस्याहरू नगरपालिका उपप्रमुखसँग माग राखेका छौं ।' विद्यालयलाई सहयोग गर्दै आएको दलित जनकल्याण युवा क्लबका अध्यक्ष उमेश बिसुन्केले डाँडाटोल, खेस्राहा र रनाहा क्षेत्रका बालबालिकालाई पढाईमा सजिलोहोस भन्ने उद्धेश्यले क्लबले विद्यालय स्थापनादेखि सुधारमा सहयोग गर्दै आएको बताए ।

## राष्ट्रपति...

राष्ट्रपति विद्यादेवी भण्डारीको पुतला दहन गरेको हो । अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनका केन्द्रीय सदस्य पुजन सिंहको नेतृत्वमा गोलबजारको मुख्य चोकमा विद्यार्थीहरूले पुतला दहन गर्दै प्रदर्शन गरेका थिए । उनीहरूले ओली र राष्ट्रपति भण्डारी विरूद्ध चर्का नारा लगाएका थिए ।

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर | जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ | राष्ट्रिय दैनिक

लहानपोस्ट LAHANPOST DAILY

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# मालपोत कार्यालयका सुब्बा र लेखापढी व्यवसायी घुस रकमसहित पक्राउ

सर्लाहीको हरिवन नगरपालिकामा रहेको मालपोत कार्यालयका नायब सुब्बा र एक जना लेखापढी व्यवसायी घुस रकमसहित पक्राउ परेका छन् ।

बिहीबार मालपोत कार्यालय हरिवनका नायब सुब्बा र लेखापढी व्यवसायी ११ हजार घुस रकमसहित अख्तियारको टोलीले रङ्गे हात पक्राउ अख्तियार दुरूपयोग अनुसन्धान आयोग बर्दिवासले जनाएको छ । घुस रकम सहित पक्राउ पर्नेमा मालपोत कार्यलय हरिवनका नायब सुब्बा बेधनिधी बराल र लेखापढी व्यवसायी रामसुन्दर महतो रहेका छन् । सेवाग्राहीसँग लालपूर्जा सच्याउन १८ हजार लाग्ने भन्दै घुस रकम मागेका थिए । नायब सुब्बाको आग्रहमा आफूले सेवाग्राहीसगँ घुस रकम बुझ्केको लेखापढी व्यवसायी महतोले बताए । लालपूर्जा सच्याउन पछि लेखापडिको काम गर्ने महतोसँग ११ हजारमा कुरो मिलेको सेवाग्राहीले बताए । घुस रकमसहित पक्राउ परेका दुवैलाई आवश्यक अनुसन्धाका लागि बर्दिवास कार्यालय पु(याएको अख्तियारले जनाएको छ । यस भन्दा अघि पनि सोही कार्यालयबाट घुस रकमसहित एक जना कर्माचारी पक्राउ परेका थिए ।

## कल, बल...

प्रतिनिधिसभा विघटन गर्न सक्ने व्यवस्था खुलस्तै गरिएको थियो ।

संसदीय व्यवस्थाको जननी भनेर चिनिने मुलुक बेलायतमा यस्तो अभ्यास र कानुन जारी छ? यस हिसाबले अहिले कसैले चर्चा गरेको पाइँदैन । संसदीय व्यवस्था अपनाए पनि बेलायत अरूजस्तो लिखित संविधान भएको मुलुक होइन । त्यहाँ संविधानको काम गर्ने विभिन्न संवैधानिक कानुन (ऐन) र प्रथाका आधारमा अभ्यास गरिन्छ । बेलायती संसदीय प्रथामा २०१० सम्म प्रधानमन्त्रीको सिफारिसमा संसद् विघटनको सिफारिस हुने र मध्यावधि निर्वाचनमा जाने प्रचलन थियो ।

सन् २०११ मा आएर त्यसमा उनीहरूले पनि परिवर्तन गरे । बेलायतको संसदीय व्यवस्था नै नयाँ ढाँचामा गयो । सन् २०११ मा त्यहाँको संसद्ले निश्चित आवधिक संसद् ऐन २०११ पारित मात्रै गरेन, संसद्को निर्वाचन हरेक पाँच वर्षको अन्तरालमा पाँचौ वर्षको मे महिनाको पहिलो बिहीबार हुने व्यवस्था गरेको छ । सो ऐनअनुसार अब आउँदो निर्वाचन २ मे २०२४ मा हुनेछ ।

बेलायतमा यो ऐनले प्रधानमन्त्रीले संसद् विघटन गर्ने परिपाटी अन्त्य मात्रै गरेर संसद्लाई विधायिकाको रूपमा पूर्ण काल काम गर्ने प्रणाली पनि निश्चित गरिदिएको छ । अर्थात् संसद् विघटन गर्ने परम्परा र अभ्यास चर्चामा ल्याइएजस्तो प्रधानमन्त्रीले झ्याम्मै ठोकिहाल्ने भनेजस्तो छैन ।

**कल, बल, छलको नेपाली राजनीति**

प्रधानमन्त्रीले सर्वोच्च अदालतलाई दिएको लिखित जवाफमा सबै दोष आफ्नै दलका साझेदार नेता र तिनका अनुयायीलाई दिएका छन् । संसद्ले उनको कार्यपालिकीय कार्यसम्पादनलाई बाधा पार्न व्यवस्थापिकाले विधायिकी अड्चन दिएको उल्लेख गरेका छैनन्। अर्थात् उनलाई संसद्ले समस्या सिर्जना गरेकै थिएन ।

उनले प्रस्तुत गरेको कुनै विधेयक वा नीति र कार्यक्रम पारित नगरेर काम गर्न बाधा पारेको अवस्था हुँदो हो त संसदीय परम्पराको नाममा प्रतिनिधिसभा विघटनको सिफारिस गरें भन्ने तर्क विधिशास्त्रीय आलोकबाट ग्राह्य हुन्थ्यो होला ।

पार्टीले संसद्बाहिरबाट गरेका व्यवधानको रिसमा सहयोग गरिरहेको र विधायिकी भूमिका बहन गरिरहेको (संसद्भित्र सरकार फेर्ने बिजनेस नभएको) अवस्थामा निश्चित आवधिक संसद् विघटन गर्ने कुराले विधिशास्त्रीय अनुमोदन पाउन सक्ला ? सर्वोच्च अदालतका न्यायविद्हरूले पनि यो विषयमा निकै माथापच्ची गरेर मात्रै निष्कर्ष निकाल्लान् । त्यो खासै नागरिक चिन्ताको विषय नहोला । नागरिक चिन्ताको विषय कल, बल र छलको राजनीति हो। न्यायदर्शनले औंल्याएका १६ मध्येका तीन पदार्थमा नेपाली राजनीति चालू छ, ती हुन् स् जल्प, वितण्डा र छल । जल्प भनेको अन्तरविरोधग्रस्तता (कन्ट्रोभर्सी) हो । प्रधानमन्त्री केपी शर्मा ओली पक्षकाले भन्ने गरेका छन् स् भूकम्पले लडेका संरचना उठाउने, भारतीय दादागिरी सधैंका लागि अन्त्य गर्ने, कोभिड तह लाउने, मुलुक तुइनमुक्त बनाउने, रेल र पानीजहाजको काम अघि बढाउने, आफ्नै देशको रेल चलाउन रेल किन्ने, केरूङ- काठमाडौं, रक्सौल-काठमाडौं, मेचीमहाकाली रेलको काममा खबरदारी गर्ने, नेपालका नदीमा पानीजहाज चलाउन भनेर अध्ययन गराउने, मुलुकलाई सुरूङ युगमा प्रवेश गराउने, मेची-महाकालीको तराई भूभाग सिँचाइ आयोजना अघि सार्ने, ऊर्जा सञ्जाल र बंगलादेशसम्म बिजुली बेच्ने अवस्था बनाउने, पूर्वपश्चिम राजमार्ग, लोकमार्गहरु फैलाउने, प्रकोपग्रस्त बाराको बस्तीमा एकसाथ नौ हजार घर बनाउने, कालापानीलगायतको भूभाग फिर्ता लिन भारतसँग भिड्ने, चीनसँग छ नयाँ नाका खोल्ने, लुटिएको सार्वजनिक जमिन फिर्ता गराउने, भूमिव्यवस्था र अन्य सरकारी सेवालाई ईसेवामा लगी सुलभ गराउने, विमानस्थललगायतको स्तरोन्नति र विस्तार गर्ने ओली नै हुन् । अनि अर्कातिर ओली भन्छन् : मलाई केही गर्नै नदिएकाले प्रतिनिधिसभा उडाइदिन परेको हो । उता उनका विपक्षीको चाला त्यस्तै छ। ओलीले पार्टी पद्धति नमानेको भन्छन् तर प्रतिनिधिसभा विघटनको सिफारिसपूर्व उनीहरूले एक्लै निर्णय गरेकोमा रोष पोखेको देखिन्छ। पार्टीमा बहुमतले निर्णय गर्नुपर्ने तर्क राख्ने उनीहरु संवैधानिक परिषद्को व्यवस्थामा बहुमतीय निर्णय पद्धति अवलम्बन हुनै सक्दैन भन्छन् । यसबाट नेपाली राजनीतिक नेतृत्व प्रमाणको सहारामा होइन जल्पको आधारमा छल गर्ने प्रवृत्तिबाट अगाडि बढ्दै छ ।

वितण्डा भनेको त्यस्तो प्रतिवाद प्रत्युक्ति हो जुन कुनै खराब कुरालाई खराब होइन भन्ने देखाउन त्योभन्दा सघन खराब दृष्टान्तलाई प्रमाणका रूपमा पेस गरिन्छ । वितण्डा मच्चाउनमा पनि नेपाली राजनीतिक नेतृत्व उत्तिकै माहिर छ र हामीलाई अलमल बनाइछाड्छ । प्रधानमन्त्रीले विघटनको सिफारिस गर्नु आफ्नो इच्छा नभएर बाध्यता भएको लिखित जवाफ नै वितण्डाको ज्वलन्त उदाहरण छँदै छ । एउटा कुरो भन्ने अनि मैले त्यसो होइन यसो भनेको हो भन्नेलाई छल भनिन्छ । ढाँट्नु नै छल हो खासमा । प्रधानमन्त्रीले छल पनि मजैले प्रयोग गर्छन् : बैठकले कुनै निर्णय नै गरेन अगिल्ला दिन भन्ने भोलिपल्ट भरर संवैधानिक नियुक्तिका पर्रा ।

**अन्त्यमा,**

सर्वोच्च अदालतले एउटा निधो दिन्छ नै कि चुनाव कि संसद् ब्युँतदो । चुनावको निधो आए भनेकै बेला चुनाव हुन्छ? संसद् ब्युँते त्यसले इमनन्दार भएर विधायिकी भूमिका अझ रचनात्मक बनाउँछ कि सरकार गठनको जोडघटाउ ? नेपाली नागरिकका मनमा यी प्रश्न साझा छन् । भला कतिलाई संघीय प्रणाली नै नरहोस् भन्ने पनि लागेको होला । अहिलेको समस्या प्रणालीमा कि पात्रमा हो ? यो प्रश्नमा गहिरो गरी विमर्श र विश्लेषण हुन जरूरी छ । अबको नागरिक पहल पात्र परिवर्तनमा हो भने कल, बल, छलको रणनीति नभएका पात्रको खोजीमा समय दिनुपर्छ, प्रणाली भए प्रणाली फेर्नमा । के नेपाली नागरिक समाज यो कल, बल र छलको राजनीतिक मोहरीबाट मुक्त गर्न आफ्नो भूमिका अनुभव गरिरहेको छ ? *नेपाल समयबाट*


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**

**नरहा गाउँपालिका कार्यालय, सिरहा**





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)